# संविधानको प्रक्रिया भ्रमरहित बन्दैछ

- युवराज संग्रौला

एक महिनाको अवधि गुज्रन लाग्दा समेत संविधानसभाको प्रक्रियाका बारेमा राज्यका तर्फबाट छलफल सम्म हुन नसक्नु, संसदमा यस विषयमा बहस समेत नहुनु र राजनीतिक दलहरूले आफूभित्र यसबारेमा छलफलसम्म नगर्नुले आम नागरिकमा व्यापक निराशाको अवस्था सिर्जना गर्दैछ। जसले जेसुकै ठाने पनि मानिसको भौतिक संलग्नता भए पनि संविधान सभाको निर्वाचनमा त व्यक्तिका मतपत्रहरू नै निर्णायक हुन्छन्। यस्ता मतपत्र प्रयोग गर्ने जनताको विश्वासमा विभाजन ल्याइयो भने, जनताले संविधानसभाको सार्थकता माथि नै शंका गर्न थाले भने र अनेक भ्रमहरूका शिकार उनीहरू भए भने संविधानसभाको निर्वाचनले दिने परिणामले निरंकुशताको समाप्ति र लोकतन्त्रको बहाली गर्ने संविधानको निर्माण गर्न सक्ने संविधानसभाको गठन नहुन सक्ने छैन।

जनआन्दोलन पछाडि समाज अपराजकताको शिकार बन्दै गइरहेको छ। नेपालीहरूमा तोडफोडको संस्कृतिले जरा गाड्दै छ। कानुन र व्यवस्था पूर्ण रूपमा भत्किएको छ। हरेक नागरिकमा कानुन हातमा लिने प्रवृत्ति बढिरहेको छ। मानिसका गरगहना, मोवाइल फोन, घडी खोसिने, लुटिने र चोरिने घटना अत्यन्त आम भएका छन्। सार्वजनिक बसहरूमा महिलाहरूको अस्मितामा ठाडै आक्रमण हुन लागेको छ। चालक, सहयोगी र त्यहाँभित्र पकेटमार्ने नियतले यात्रा गर्ने वीभत्स लुगा लगाएका र आकृति बनाएकाहरूले बोल्ने भाषा र व्यवहारले महिला र बालबालिकाले सार्वजनिक सवारी प्रयोग गर्न नसक्ने अवस्था छ।

प्रतिगमनका लागि समाजमा बेथिति र अराजकता सिर्जना गर्न चाहनेहरू व्यापक षड्यन्त्रमा लागिरहेका छन्। उनीहरू जहाँसुकै र जुनसुकै बेला पनि मौका हेर्ने र अराजकता फैलाउने कार्यमा संलग्न रहेका छन्। परिवर्तनका लागि उत्साही युवाहरू यस्ता 'ग्राइन्ड डिजाइन' का शिकार हुन थालेका छन्। यस्ता घटनाले एकातर्फ सरकारप्रतिको निराशा बढ्दै छ भने अर्कातर्फ अराजकताको सिकार आम नागरिक बन्दैछन्।

यस्ता घटनाहरू बढ्दै गएमा संविधानसभाको योजना तुहिनेछ र नेपाल वर्मा खाले निरंकुशतामा संक्रमण गर्नेछ। त्यस्तो जटिल भविष्य रहे तापनि त्यसबाट बच्दै राज्यको पुनःसंरचनातर्फ अगाडि बढ्नुपर्ने आवश्यकतालाई राजनीतिक दलहरू र नागरिक समाजले पनि बुझ्न सकिरहेका छैनन्। सवैका तर्क, वार्ता र कुराकानी सुन्दा लाग्छ अब नागरिकहरूले, राजनीतिक दलले र सरकारले केही गर्न नै बाँकी रहेको छैन। भोलि संविधानसभाको निर्वाचनमा र आज सरकार एवं नेकपा माओवादीबीचको वार्ताका सम्बन्धमा रहेका चुनौती र खतराहरूको बारेमा कसैले केही भन्यो भने त्यसलाई सन्देहवादीको दर्जा दिई हुर्मतै काढ्ने कार्य पनि हुन थालेका छन्। भनिन्छ, २०६३ सालको जनआन्दोलन क्रान्ति हो। यसलाई क्रान्ति भन्नेहरू राजनीतिक नेताहरू नै बढि छन्। यदि यो क्रान्ति हो भने, निरंकुश राज्ययन्त्रका निकाय र व्यवस्थाहरू किन कायम राखिएको हो त ? के क्रान्ति पछाडि पनि क्रान्ति दमन गर्ने व्यक्तिहरूकै प्रशासन यथावत् रहन्छ ? जनताले त क्रान्ति नै गरेका हुन् तर राजनीतिक दलहरूले यसलाई निरन्तर भ्रान्तिमा परिणत गरिरहेको तथ्यलाई नजरअन्दाज गर्न सकिने अवस्था छैन।

यस्तो अवस्थाको सिर्जना संविधानसभाको प्रक्रियालाई सुनिश्चित गर्न नसक्दा नै आएको हो भन्ने कुरामा विवाद छैन। अहिले राज्य र माओवादी दुवै पक्ष दुवै संक्रमणकालीन अवस्थामा छन्। भरखरैका महराजी, न्यौपाने र शर्माजीका सार्वजनिक अन्तरवार्ताहरूलाई विचार गर्ने हो भने नेकपा माओवादी लोकतान्त्रिक व्यवस्थामा रूपान्तरण गर्न चाहेको हो भन्ने कुरामा सन्देह गर्नुपर्ने अवस्था छैन। नेपाली जनता शान्ति चाहन्छन् तर त्यो शान्ति मुर्दा शान्ति होइन राज्यको संरचनामा हुने व्यापक परिवर्तनले ल्याउने शान्ति हो। तर नेकपा माओवादीलाई अग्रगामी परिवर्तनतर्फ जाँदै संविधानसभाको निर्वाचनमा औपचारिक संलग्नतामा जान चाहिने निकास सरकारले दिन सकिरहेको छैन भनेर आरोपित गर्न सकिने अवस्थाको सिर्जना भएको छ।

जुनसुकै राज्य जो जनताको शान्तिपूर्ण जनआन्दोलनबाट परिवर्तनतर्फ संक्रमणमा जान्छ त्यसले परिवर्तनलाई दुई चरणमा विभाजन गर्नैपर्दछ। पहिलो चरणमा जनताको शक्तिलाई सशक्तिकृत गर्ने जनादेशको प्रयोग गर्दै जनताको प्रतिनिधित्व गर्ने प्रतिनिधिमूलक संस्थामा राज्यका परम्परावादी शक्तिको हस्तान्तरण गर्नुपर्दछ। अहिले प्रतिनिधिसभाले त्यो भूमिका खेल्नुपर्दछ। त्यसअर्थमा प्रतिनिधिसभाले माओवादी पक्षसहितको संलग्नतबाट बन्ने अन्तरिम विधानले गर्ने व्यवस्था पूर्व, वर्तमान राज्यसत्तालाई रूपान्तरण गर्ने प्रयोजनका लागि 'जन कांग्रेस' को

रूपमा कार्य गर्न सक्नुपर्दछ। यसले त्यसक्रममा २०४७ सालको संविधानले गरेका सकारात्मक व्यवस्थाबाट वैधानिकता प्राप्त गर्दै र नीतिहरूको रक्षा गर्दै, संक्रमणकालीन संविधानसभाकै रूपमा काम गर्न सक्नुपर्दछ। त्यसो गर्दा प्रतिनिधिसभा संविधानवादको आधुनिक सिद्धान्त प्रगतिशीलतावाद र जनवादका सिद्धान्तबाट निर्देशित रहेको हुन्छ। अतः उसले बहालमा रहेको संविधानलाई संशोधन गर्ने आधारभूत घोषणाहरू गर्दै, संवैधानिक शक्तिलाई जनतामा हस्तान्तरण गर्ने कार्यलाई महत्व दिनुपर्दछ। यसलाई संविधानको संशोधनको प्रक्रिया नै भनिन्छ। यसले गर्ने कार्यले या त वर्तमान संविधानका सकारात्मक व्यवस्थालाई जनअधिकारको रूपमा संस्थापन गर्दछ, यातः जनअधिकारलाई भ्रमित वा कुण्ठित गर्ने व्यवस्थालाई अग्रगामी घोषणाद्वारा संशोधन गर्दछ। जब संक्रमणकालीन व्यवस्थालाई यस प्रक्रियाबाट व्यवस्थापन गर्ने कार्य सम्पादन गरिन्छ, त्यसपछि अन्तरिम विधानको व्यवस्थाद्वारा अग्रगामी परिवर्तनतर्फ राज्यलाई नयाँ संरचनामा रूपान्तरण गर्न सकिन्छ। संक्रमणकालीन व्यवस्थापनलाई व्यवस्थित नगरी विद्रोही पक्षलाई अन्तरिम सरकारमा संलग्न गराई अन्तरिम संविधान बनाउन थालियो भने विद्रोही पक्षले वर्तमान राज्यसत्ताको वैधानिकतालाई स्वीकार गरेको हुन जान्छ र माओवादी पक्ष त्यसमा सहमत छैन। अतः सरकार अत्यन्त छिटो समयमा संक्रमणकालीन व्यवस्थापनको कार्य सम्पादन गर्नुपर्ने दायित्वमा चुकेको छ। अब भोलि देखिने समस्याप्रति सरकारले जवाफदेही लिनुपर्ने हुन्छ।

संविधानवादको यस सामान्य प्रक्रियालाई बुझ्न सरकार र माओवादी पक्ष दुवैमा कमजोरीहरू देखिएका छन्। सरकार संसदका घोषणामा अल्मलिएको छ भने माओवादी पक्ष संक्रमणकालीन व्यवस्थाबाट लोकतान्त्रिक सरकारमा सत्ताको रूपान्तरण नहुँदै अन्तरिम सरकारमा प्रवेश गर्न उत्साहित रहेको छ। अन्तरिम विधान कहिले बनाउने मिति महत्वपूर्ण होइन, अन्तरिम विधान बन्नुपूर्व शाही सरकारका निकाय र अधिकारीले प्रयोग गरेका अधिकार वर्तमान सरकारमा सारिएका छन् वा छैनन् भन्ने प्रश्न चैं विचार गर्नुपर्ने पहिलो प्रश्न हो। यसै भ्रमलाई व्यवस्थापन गर्न नसक्दा अहिले अन्तरिम विधान जनआन्दोलनलाई विभाजन गर्ने कारणको रूपमा अगाडि आउने खतरा बढेको छ। यदि अन्तरिम विधानको यस जटिलतालाई बुझ्न सकिएन भने त्यसले संविधानसभाको प्रक्रियालाई गम्भीर रूपमा असर पार्नेछ।

गल्ती कहाँ भएको छ भने सरकारको रवैयामा। अन्यथा यतिवेलासम्म अन्तरिम विधानको खाका निर्माण गर्न सकिने थियो। अन्तरिम विधान आफैं नयाँ विधान भने होइन। सात दल र माओवादीका बीचमा भएको १२ बुँदे समझदारी, सात दलका बीचको मार्गचित्र भरखरै प्रतिनिधिसभाले जारी गरेको घोषणापत्र र अब वार्तामा दुईपक्षका बीचमा हुने सम्झौताका व्यवस्थाहरू नै अन्तरिम विधानका व्यवस्थाहरू हुनेछन्। यस अर्थमा अन्तरिम विधानले राज्यपक्ष र विद्रोही पक्ष दुवैका मान्यताहरूबाट वैधानिकता प्राप्त गर्नेछन्। यदि त्यसो हो भने महराजीले नेपाल टेलिभिजनको अन्तरवार्तामा भनेजस्तै सात दल र उहाँको पार्टी पक्ष प्रतिपक्ष होइन, सहपक्ष हुन्। त्यस्तो अवस्थालाई सहज र प्रतिगमनका विरुद्ध शसक्त बनाउन माओवादी पक्षले प्रतिनिधिसभालाई निस्क्रिय रूपमा रहन दिएर र भोलि निर्वाचित हुने संविधानसभालाई मार्गनिर्देशित गर्न सबै राजनीतिक दल र नागरिक समाजको प्रतिनिधित्व भएको छुट्टै 'राजनीतिक परामर्श कंग्रेस' को गठन गर्न सकिने छ। प्रतिनिधिसभाको निरन्तर अस्तित्वले सात दलको एकतालाई सुनिश्चित गर्नेछ। सात दलको एकतामा आँच आएमा त्यसले माओवादी पक्षलाई समेत प्रभावित गर्नेछ। यस प्रक्रियामा परिणत हुन थालेको नागरिक समाजलाई सवै व्यवसायी, वर्ग र जनसंस्थाहरूले नियन्त्रण गर्नु आवश्यक छ। खबरदारीको तात्पर्य अपराधलाई प्रोत्साहन गर्नु होइन। सात दल र माओवादी दुवैले आफ्ना कार्यकर्तालाई नयाँ समाज निर्माणका कार्यमा उत्प्रेरित गर्नु आवश्यक छ।

(कान्तिपुर दैनिकमा 'संविधानसभा प्रक्रियामा उठेका भ्रमहरू' शीर्षकमा प्रकाशित, मिति २०६३-२-१४)